### *सेलून उत्पादहरूमा उपस्थित रासायनिक पदार्थहरूबारे जानकारी प्राप्त गर्नु*

- हानिकारक एवम् जोखिमपूर्ण रासायनिक पदार्थहरू भएका पेसेवर नङ सेलून उत्पादहरूमा चेताउनी तथा सतर्क रहने बयान स्पष्ट गरी लेखिएको हुनुपर्छ,
- हानिकारक एवम् जोखिमपूर्ण रासायनिक पदार्थहरू भएका उत्पादहरू निम्ति सेलूनहरूले तपाईंलाई सुरक्षा तथ्याङ्क पर्चाहरू (SDSs) अनिवार्य रूपमा उपलब्ध गराउनुपर्छ। SDSs –मा जोखिमपूर्ण अवयवहरूको सूची, तपाईं कसरी यसको सामुन्ने पर्न सक्नुहुन्छ, स्वास्थ्य एवम् सुरक्षाप्रति उत्पन्न हुनसक्ने खतरा, सुरक्षित उपयोग एवम् भँडारनका तरिकाहरूबारे बताइएको हुन्छ। SDSs –को एक प्रतिलिपिको लागि अनुरोध गर्ने अनि त्यसलाई प्राप्त गर्ने अधिकार, तपाईंसित छ।

### *कामदारको स्वास्थ्यको रक्षा गर्नु*

- जहिले पनि सम्भव हुन्छ, कम खतरनाक उत्पादहरूको उपयोग गर्नुहोस्।
- सेलूनहरूमा हावाको आवागमन निम्ति मार्ग प्रशस्त गर्नुहोस् अनि ताजा हावा आउन दिनुहोस्।
- उत्पादहरूलाई त्वचा अनि आँखाहरूबाट टाढै राख्नुहोस्।
- रासायनिक पदार्थहरूको सुरक्षित तरिकाले भँडारन गर्नुहोस्।

### *सुरक्षित कार्यस्थलको अधिकार*

कामदारहरूसित एक सुरक्षित कार्यस्थलको अधिकार छ। कामदारहरूलाई जोखिममा नहाल्ने तथा गम्भीर क्षति नपुऱ्याउने कार्यस्थल एवम् परिवेश उपलब्ध गराउने जिम्मेवारी नियोक्ताहरूको हो। कामसित सम्बद्ध जोखिमहरूबारे जानकारी प्राप्त गर्नु तथा तालिम प्राप्त गर्नु अनि जोखिमहरूको रोकथामका उपायहरूबारे अवगत हुनु तपाईंको अधिकार क्षेत्र अन्तर्गतका कुराहरू हुन्। प्रश्नहरू सोध्न, जानकारी प्राप्त गर्न तथा गम्भीर खतराको स्थितिमा OSHA जाँच निम्ति अनुरोध गर्नको लागि कामदारहरूले OSHA –लाई फोन गर्नसक्छन्। सुरक्षासम्बन्धी मुद्दाहरू उठाएको, वा OSHA –लाई फोन गरेकोमा नियोक्ताले तपाईं विरूद्ध कार्यवाही गर्नु गैर-कानूनी हो।

प्रश्नहरू सोध्न वा अधिक जानकारी प्राप्त गर्नको लागि **www.osha.gov** हेर्नुहोस् वा 1-800-321-OSHA (6742) –मा फोन गर्नुहोस्। यी सबैलाई गोपनीय राखिनेछन्। हामी यहाँ तपाईंलाई मद्दत गर्नको लागि उपस्थित छौं।

सम्भावित जोखिमपूर्ण रासायनिक पदार्थहरूको व्यापक सूची तथा ती पदार्थहरूको स्वास्थ्यमाथि प्रभावबारे जान्नको लागि आफ्नो स्मार्टफोनद्वारा यो कोडलाई स्क्यान गर्नुहोस्।

हामी ***तपाईंकै भाषामा*** कुराकानीद्वारा तपाईंको मद्दत गर्नसक्छौं।

हाम्रा सेवाहरू ***निःशुल्क साथै गोपनीय*** छन्।

**WHD**

1-866-487-9243

www.dol.gov/whd

**OSHA**

1-800-321-6742

www.osha.gov

**WH1020 NEP REV 0515**

# नङ सेलूनका कामदारहरूका अधिकारहरू



संयुक्त राज्य श्रम विभाग

**निष्पक्ष श्रम मानक ऐन (FLSA) अधिकारहरू**

मजदुरी एवम् कार्य-घण्टासम्बन्धी शाखाले संयुक्त राज्यका सबै कामदारहरूको मद्दत गर्छ, *यसमा कामदारहरूको अध्यागमनको स्थितिलाई लिएर कुनै भेदभाव गरिदैँन।*

नङ सेलूनको कामदारको रूपमा तपाईंले काम गर्नुभएका सबै घण्टाहरूको लागि पूर्ण एवम् उचित मजदुरी प्राप्त गर्नु तपाईंको अधिकार हो। आफ्ना अधिकारहरूबारे जान्नुहोस्!

**काम गरिएका घण्टाहरूः** नियोक्ताले अग्रिममा कामको अनुमोदन गरेको होस् वा नहोस्, तपाईंले गरेका सबै कामहरूको भुक्तानी तपाईंलाई अनिवार्य रूपमा गरिनुपर्छ। यसमा तालिम साथै दिनमा एक स्थानदेखि अर्को स्थानमा जानको लागि लागेको समय, तथा 'समयदेखि बाहिर' गरिएको कुनैपनि काम सामेल छन्।

**निम्नतम मजदुरी एवम् कटौतीहरूः** तपाईंलाई घण्टाको, दिनको वा कामको हिसाबले भुक्तानी गरिएको भए तापनि, तपाईंले प्राप्त गर्नुभएको जम्मा मजदुरी कम्तीमा पनि $7.25 प्रति घण्टाको निम्नतम संघीय मजदुरी समान हुनु अनिवार्य छ। तपाईंको नियोक्ताले युनिफर्म, उपकरणको वा कल-पुर्जाहरूको भाडा जस्ता कामसित सम्बद्ध खर्चहरूको लागि कटौतीहरू गर्नसक्छ तर यस्ता कटौतीहरूको परिणामस्वरूप तपाईंको वेतन संघद्वारा तोकिएको प्रति घण्टा निम्नतम मजदुरीभन्दा कम्ती हुनुहुँदैन। कतिपय राज्यका कानूनहरूमा कामदारहरूको अधिक सुरक्षाको प्रावधान छ।

**ओभरटाइमको भुक्तानीः** सामान्यतः सात दिनको कार्य सातामा 40 घण्टाभन्दा अधिक कामको लागि तपाईंलाई हरेक, अतिरिक्त समय निम्ति तपाईंको नियमित दरको 1½ गुणाको दरले भुक्तानी गरिनुपर्छ।

**रेकर्ड अर्थात् कार्यको विवरण राख्नुः** नियोक्ताहरूले उनीहरूका सबै कामदारहरूको कार्य-घण्टा तथा उनीहरूलाई भुक्तानी गरिएको मजदुरीको सही-सही रेकर्ड राख्नु आवश्यक छ। तपाईंले पनि आफूले काम गरेका घण्टाहरू तथा प्राप्त गरेका मजदुरीको हिसाब साथै तपाईंको नियोक्ताको नाउँ, ठेगाना, अनि फोन नम्बर राख्नु आवश्यक छ।

**सावधानः** कतिपय सेलूनहरूले कामदारहरूलाई "स्वतन्त्र ठेकदार" भन्छन् तर वास्तवमा उनीहरू कर्मचारीहरू हुन्। कामदारहरू अधिक कार्यस्थल सुरक्षा एवम् सुविधाहरूको हकदार हुन्छन्। तपाईं एक कामदार हुनुहुन्छ वा ठेकदार, त्यसबारे निश्चित हुनुहुँदैन भने हामीसित सम्पर्क गर्नुहोस्।

*हामीसित सम्पर्क गर्नुभएको वा आफ्ना अधिकारहरूले उपयोग गर्नुभएकोमा तपाईंको नियोक्ताले तपाईंलाई कामबाट निकाल्नु वा तपाईं विरूद्ध प्रतिशोधात्मक कार्यवाही गर्नु गैर-कानूनी हो।*

तपाईं आफ्ना अधिकारहरूको उल्लंघन भएको छ भनी ठान्नुहुन्छ वा तपाईंसित प्रश्नहरू छन् भने, हामीलाई **1-866-487-9243** –मा फोन गर्नुहोस्।

हामी ***तपाईंकै भाषामा*** कुराकानीद्वारा तपाईंको मद्दत गर्नसक्छौं।

हाम्रा सेवाहरू ***निःशुल्क साथै गोपनीय*** छन्।

**म्यानिक्योर (हात र नङको पेसेवार उपचार) अनि पेडिक्योर (खुट्टाको उपचार) जस्ता सेवाहरू प्रदान गर्दा स्वस्थ साथै सुरक्षित रहनुहोस्**

नङ सेलूनमा उपयोग गरिने उत्पादहरूमा हानिकारक रसायनहरू हुनसक्छन्। समय बित्दै जाँदा, यी रासायनिक पदार्थहरूको पटक-पटक उपयोग तथा यी पदार्थहरूलाई लिएर काम गर्दा तपाईंको शरीरमा हानि पुग्नसक्छ अथवा यसको स्वास्थ्यमाथि गम्भीर परिणाम हुनसक्छ। तपाईंसित यस्तो कार्यस्थल एवम् परिवेशको अधिकार छ जहाँ तपाईं गम्भीर क्षति पुग्ने जोखिमबाट टाढै रहन सक्नुहुन्छ। सम्भावित हानिकारक रासायनिक पदार्थहरूको व्यापक सूची अनि ती पदार्थहरूको स्वास्थ्यमाथि प्रभावबारे जान्न **www.osha.gov/SLTC/nailsalons** हेर्नुहोस्।